**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय :
बिहान ६:३० बजे



**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर



**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**
नागढुंगा, पोखरा-९, फोन नं : 061-589012
544439, 9856051659, 9856034631

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २७ ❑ अङ्क २०५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८३ साउन २४ गते आइतबार ❑ 9 Aug. 2026 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## समृद्धिका लागि अनुसन्धान, नवप्रवर्तन र आविस्कारलाई प्राथमिकता दिएको हो : मन्त्री पुन

**रासस**
म्याग्दी, २३ साउन



विज्ञान, प्रविधि तथा नवप्रवर्तनमन्त्री महाविर पुनले नेपालको समृद्धिका लागि सरकारले अनुसन्धान, नवप्रवर्तन र आविस्वकारलाई सरकारले प्राथमिकता दिएको बताउनुभएको छ।

धवलागिरी गाउँपालिका समाजले शनिबार काठमाडौँमा आयोजना गरेको समृद्ध म्याग्दीमा जनप्रतिनिधिहरूको भूमिका विषयक अन्तरक्रिया कार्यक्रममा मन्त्री पुनले नेपालमा आवश्यक औजार, उपकरण, सामग्री र वस्तुको उत्पादन गरी रोजगारी सिर्जना तथा आयात घटाउन अनुसन्धानमा जोड दिइएको बताउनुभयो। "ओफेलमा परेको अनुसन्धान र आविस्कारको क्षेत्रमा वर्तमान सरकारले प्राथमिकता दिएको छ", म्याग्दीबाट निर्वाचित प्रतिनिधिसभा सदस्यसमेत रहनुभएका उहाँले भन्नुभयो, "देशका लागि आवश्यक जनशक्ति उत्पादन गर्ने र दक्ष जनशक्तिलाई अवसरका लागि पलायन हुन नदिने गरी मन्त्रालयले कार्यक्रम बनाएको छ।"

मन्त्री पुनका साथै धवलागिरी, मालिका र अन्नपूर्ण गाउँपालिकाका जनप्रतिनिधि र काठमाडौँमा बसोबास गर्ने म्याग्दीवासीहरूबीच म्याग्दीलाई कसरी समृद्ध बनाउन सकिन्छ भन्ने विषयमा छलफल भएको थियो। कृषिको आधुनिकीकरण, जलविद्युत्, पर्यटन, पशुपालनको माध्यमबाट म्याग्दीलाई समृद्ध बनाउन सकिने उहाँको भनाइ थियो।

म्याग्दीमा प्रमुख सामाजिक समस्याको रूपमा रहेको मेलाजात्रालाई व्यवस्थित नगरेसम्म शिक्षा क्षेत्रको सुधार हुन् नसक्ने मन्त्री पुनले बताउनुभयो। "टोलटोलमा लगातार मेलाजात्रा लगाउँदा किशोरकिशोरीहरूको पढाइ नराम्री बिग्रेको छ", उहाँले भन्नुभयो, "नामका लागि विदेशबाट मेलाका लागि लाखौँ रकम प्रायोजन गर्ने र गाउँमा हप्तौँ मेला लगाउने चलन हटाउन सकेमा म्याग्दीको शिक्षा र समाजको सुधार हुन्छ।" सङ्घीय सरकारले यसवर्ष धवलागिरी गाउँपालिकाको मुदीदेखि गुर्जा हुँदै ढोरपाटनको जलजला र अन्नपूर्ण गाउँपालिकाको दोवादेखि सोवाङ धुरी हुँदै रघुगङ्गा गाउँपालिकाको चिमखोला जोड्ने दुई वटा नयाँ पदमार्ग सञ्चालनमा ल्याउने बताउनुभयो। बेनी-दरवाङ सडकको फापरखेत र बेनी-जोमसोम सडकको सिरुवारी पहिरो नियन्त्रणको काम वर्खा सकिने वित्तिकै सुरु हुने मन्त्री पुनले जानकारी गराउनुभयो। सङ्घीय सरकारले म्याग्दीमा रणतीनिक महत्वका सडक आयोजनालाई प्राथमिकता दिने बताउनुभयो।

पाकिस्तानको ब्रड पिक आरोहणका क्रममा दिवङ्गत भएका म्याग्दीमा जन्मिएका पर्वतरोही निर्मल पुर्जासहितका पर्वतारोहीहरूको सम्मानमा सरकारले उचित निर्णय लिने मन्त्री पुनको भनाइ थियो।

धवलागिरिका अध्यक्ष प्रेमप्रसाद पुन, उपाध्यक्ष रेशम पुनमगर, मालिकाका अध्यक्ष बेगप्रसाद गर्बुजा र अन्नपूर्णका अध्यक्ष भारतकुमार पुन लगायतले म्याग्दीको सम्भावना, आवश्यकता भएका कामको विषयमा मन्त्री पुनको ध्यानाकर्षण गराउनुभएको थियो।

## कृषि क्षेत्रको विकासका लागि लेखनाथमा अन्तरक्रिया

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन




लेखनाथ उद्योग वाणिज्य संघको आयोजनामा कृषि क्षेत्रको विकास, उत्पादनको बजारीकरण तथा किसानका समस्या समाधानका विषयमा बृहत् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

पोखरा महानगरपालिकाका वडा नं. २६ देखि ३३, रूपा गाउँपालिका र मादी गाउँपालिकाका कृषि सञ्जालमा आबद्ध पदाधिकारी तथा कृषकहरूको सहभागितामा कार्यक्रम गरिएको हो। आगामी असोजदेखि फ्लाई दुबईको नियमित उडान सुरु हुने सन्दर्भमा कास्कीमा उत्पादित कृषि वस्तुलाई खाडी मुलुकसम्म पुऱ्याउने सम्भावना र बजार विस्तारका विषयमा समेत छलफल गरिएको थियो। कार्यक्रममा स्थानीय कृषि उत्पादनको बजार सुनिश्चित गर्ने, प्रशोधन उद्योग स्थापना गर्ने, किसानलाई व्यवसायसँग जोड्ने, बाँझो जमिनको व्यावसायिक उपयोग गर्ने तथा स्थानीय उत्पादनको खपत बढाउने विषयमा छलफल भएको थियो।

त्यस्तै किसानलाई मल, बीउ तथा कृषि प्रविधि सहज रूपमा उपलब्ध गराउने, सहुलियतपूर्ण कृषि कर्जा तथा कृषि बीमाको पहुँच विस्तार गर्ने, युवालाई कृषि क्षेत्रमा आकर्षित गर्ने, स्थानीय तथा रैथाने बालीको संरक्षण र व्यावसायीकरण गर्ने विषयमा सहभागीहरूले धारणा राखेका थिए। पोखरा महानगरपालिकाले ब्रान्ड गरेका जेठो बुढो चामल र उखुबाट उत्पादित खुदोजस्ता स्थानीय उत्पादनलाई अन्तर ष्ट्रिय बजारसम्म पुऱ्याउने, वन्यजन्तुबाट हुने कृषि क्षति न्यूनीकरण गर्ने तथा कृषि उत्पादनलाई पर्यटनसँग जोड्ने विषयमा पनि छलफल गरिएको थियो।

कार्यक्रममा लेखनाथ उद्योग वाणिज्य संघकी अध्यक्ष जानुका पराजुली अधिकारी, कृषि आधुनिकीकरण महाशाखा कास्कीका प्रमुख गोविन्द श्रेष्ठ, पोखरा महानगरपालिका आर्थिक विकास महाशाखा प्रमुख मनहर कडरिया, व्यवसाय प्रवर्द्धनका प्रमुख नवराज अधिकारी, अलसामान इन्टरनेसनलका प्रोपाइटर कल्याण घिमिरे, संघका पूर्वअध्यक्ष बाबुराम गिरी तथा कृषि व्यवसाय प्रवर्द्धन उपसमिति संयोजक कविराज खनालले लेखेको समाचार हो। दयाराम तिवारीलगायतले धारणा राखेका थिए। कार्यक्रमको सञ्चालन संघका महासचिव भरतराज ओभ्फाले गरेका थिए।

## पोखरामा प्रहरीको 'स्वीप अप्रेसन', २० जनालाई कारबाही

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

जिल्ला प्रहरी कार्यालय कास्कीले सञ्चालन गरेको 'स्वीप अप्रेसन'अन्तर्गत गए राति पोखरा महानगरपालिकाका विभिन्न स्थानबाट २० जनालाई नियन्त्रणमा लिई थप अनुसन्धान प्रक्रिया अगाडि बढाएको छ।

समाजमा अवैध गतिविधि, गुण्डागर्दी गर्ने र शान्ति सुरक्षामा खलल पुर्याउनेविरुद्ध प्रहरीले केही महिना अघिदेखि कास्कीमा 'स्वीप अप्रेसन' सुरु गरेको थियो। जिल्ला प्रहरी कार्यालयसहित मातहतका कार्यालयबाट खटिएको प्रहरी

बाँकी अन्तिम पृष्ठमा ▶▶

## बिदाको दिन प्रशासन खुलेपछि राष्ट्रिय परिचयपत्र बनाउन सहज

**पोखरापत्र संवाददाता**
दमौली, २३ साउन



सरकारी कार्यालयमा सामान्यतया सार्वजनिक बिदाका दिन सेवा प्रवाह हुँदैन। तर, जिल्ला प्रशासन कार्यालय तनहुँले भने राष्ट्रिय परिचयपत्र बनाउनुपर्ने सेवाग्राहीको बढ्दो चापलाई मध्यनजर गर्दै बिदाको दिनसमेत कार्यालय खोलेर सेवा दिन थालेको छ।

नियमित कार्यालय समयमा विद्यालय, कलेज तथा अन्य काममा व्यस्त हुने सेवाग्राहीका लागि बिदाको दिन सेवा दिँदा सहज हुने भएकाले यसलाई कार्यान्वयन गरिएको जिल्ला प्रशासन कार्यालयले जनाएको छ। व्यास नगरपालिका-२ निवासी अपेक्षा सुनारले बिदाको दिन सेवा लिन पाउँदा आफू प्रत्यक्ष लाभ लिने सेवाग्राहीमध्ये एक भएको बताउनुभयो। सत्यवती माध्यमिक विद्यालयमा कक्षा ११ मा अध्ययनरत उहाँलाई विद्यालय सञ्चालन हुने दिन प्रशासन कार्यालय पुगेर राष्ट्रिय परिचयपत्र बनाउन समस्या थियो। विद्यालयको पढाइ प्रभावित हुने भएकाले उहाँले बिदाको दिनको फाइदा लिनुभएको छ। प्रशासन कार्यालयले शनिबार र आइतबार राष्ट्रिय परिचयपत्रसम्बन्धी सेवा दिएकाले बिदाको दिन कार्यालय पुगेर उहाँले आफ्नो परिचयपत्रका लागि आवश्यक प्रक्रिया पूरा गर्नुभएको छ। "अरू दिन विद्यालय जानुपर्छ। बिदाको दिन कार्यालय खुलेर सेवा दिएपछि धेरै सहज भयो", उहाँले भन्नुभयो। सुनारको जस्तै समस्या धेरै विद्यार्थी तथा नियमित कार्यालय समयमा व्यस्त रहने सेवाग्राहीको छ। राष्ट्रिय परिचयपत्र अहिले विभिन्न सरकारी सेवा, राहदानीलगायत काममा आवश्यक पर्ने महत्त्वपूर्ण कागजपत्र बन्दै गएपछि यसको आवश्यकता बढेको छ। सोही कारणले जिल्ला प्रशासनमा राष्ट्रिय परिचयपत्र बनाउन आउने सेवाग्राहीको सङ्ख्या पछिल्ला दिनमा उल्लेख्य रूपमा बढेको छ।

राष्ट्रिय परिचयपत्रका लागि सेवाग्राहीको चाप अत्यधिक बढेपछि जिल्ला प्रशासन कार्यालयले सेवा प्रवाहलाई सहज बनाउन सार्वजनिक बिदाको दिनसमेत सेवा सञ्चालन गर्ने निर्णय गरेको सहायक प्रमुख जिल्ला अधिकारी दीपक रेग्मीले जानकारी दिनुभयो। उहाँका अनुसार शनिबार र आइतबार बिहान ९:०० बजेदेखि अपराह्न ५:०० बजेसम्म सेवा प्रदान गरिँदै आइएको छ।

उहाँका अनुसार कार्यालयमा सेवाग्राहीको चाप बढ्दै गएपछि नियमित कार्यदिनमा मात्रै सेवा दिँदा धेरै सेवाग्राहीले समय व्यवस्थापन गर्न समस्या भोग्नुपर्ने अवस्था आएपछि बिदाको दिनसमेत सेवा सञ्चालन गरिएको हो। विशेषगरी विद्यार्थी, निजी क्षेत्रमा कार्यरत कर्मचारी, व्यवसायी तथा नियमित कार्यालय समयमा आफ्नो काममा व्यस्त रहने नागरिकका लागि बिदाको दिनको सेवा प्रभावकारी हुने प्रशासनको अपेक्षा छ। कार्यालयले सेवाग्राहीको भीडलाई व्यवस्थित बनाउन टोकन प्रणालीलाई प्राथमिकता दिएको छ। यसैबीच, सहायक प्रमुख जिल्ला अधिकारी रेग्मीले सेवाग्राहीलाई तोकिएको मितिमा कार्यालयबाट टोकन लिएर आफ्नो पालोअनुसार सेवा लिन आग्रह गर्नुभयो। यसले एकैपटक ठूलो सङ्ख्यामा सेवाग्राही कार्यालय जम्मा हुँदा उत्पन्न हुने भीड कम गर्नुका साथै सेवा प्रवाहलाई व्यवस्थित बनाउन सहयोग गर्ने उहाँको भनाइ छ।

**बाढी/पहिरोबाट सचेत होऔं**

**बाढी/पहिरो आउनुअघि:**
- स्थानीय रेडियो वा अन्य माध्यमबाट मौसमको जानकारी लिऔं,
- खोला, नदी तथा जोखिमपूर्ण ठाउँबाट सुरक्षित स्थानमा जाऔं,
- घरको नजिक पहिरो खस्न सक्ने ठाउँ भए सावधानी अपनाऔं,
- आपतकालीन झोला (प्राथमिक उपचार सामग्री, टर्चलाइट, खानेकुरा, लुगालगायत) तयार राखौं,
- जोखिममा परेका बालबालिका, वृद्धवृद्धा र अपाङ्गता भएका व्यक्तिहरूको सुरक्षामा प्राथमिकता दिऔं।

**बाढी/पहिरो आएमा:**
- अनावश्यक हिंडडुल नगरौं,
- सुरक्षित स्थानतर्फ जाऔं,
- बिजुलीका तार तथा खम्बाबाट टाढा रहौं,
- खोलानाला सुरक्षित तवरले तरौं,
- अफवाह नफैलाऔं, सत्य सूचनामात्र आदान-प्रदान गरौं,
- घाइते वा फसेका व्यक्तिको उद्धारमा सहयोग गरौं

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस्।

**हिमालय अफसेट प्रेस**
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# सहारा एकेडेमीका युवा खेलाडीको सहयोगार्थ पोखरामा हाइकिङ

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

पोखरामा स्वास्थ्य, पर्यटन र सामाजिक सेवाको सन्देशसहित 'समर हाइकिङ फर च्यारिटी-२०८३' आयोजना हुने भएको छ।


पोखरा महानगरपालिका-९ को कार्यालयको समन्वय तथा सहारा क्लब पोखराको आयोजनामा यही साउन ३० गते उक्त हाइकिङ आयोजना गर्न लागिएको क्लवले पोखराक्लिकलाई जनाएको छ। हाइकिङ कार्यक्रम आउदो शनिबार पोखरा-९ स्थित फल्चाबाट बिहान करिब ७ बजे सुरु भई पर्यटकीय क्षेत्र काहुँडाँडासम्म पुग्नेछ। प्रकृतिसँग रमाउँदै शारीरिक व्यायाम गर्ने अवसरसँगै सामाजिक सेवामा सहभागी गराउने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको क्लवका अध्यक्ष केशव बहादुर थापाले बताउनुभयो। हाइकिङमा सहभागी हुन प्रति व्यक्ति १ हजार ५०० रुपैयाँ शुल्क निर्धारण गरिएको छ। सहभागीलाई उक्त शुल्कमा टी-सर्ट, खाजा र खाना उपलब्ध गराइनेछ।

कार्यक्रमबाट संकलित रकम सूर्यबहादुर केसी स्मृति सहारा फुटबल एकेडेमीको सहयोगमा प्रयोग गरिनेछ। सहारा एकेडेमीमा हाल पोखरा-१७ दोबिल्लास्थित एकेडेमीमा विभिन्न १६ जिल्लाका ३० जना बालक आबद्ध भई फुटबल प्रशिक्षण लिइरहेका छन्।

कार्यक्रममा हाइकिङसँगै च्यारिटी डिनरसमेत आयोजना गरिनेछ। सामाजिक सेवाको यस अभियानमा तमुधीं यूके, सहारा यूके, एन्फा कास्की लगायत विभिन्न संघसंस्थाको सहयोग रहेको सहारा क्लबका पूर्वअध्यक्ष विक्रम थकालीले जानकारी दिनुभयो।

हालसम्म हाइकिङका लागि करिब १५० जनाको नाम दर्ता भइसकेको र थप सहभागीलाई समेट्ने तयारी भइरहेको कार्यक्रम संयोजक पूर्णबहादुर गुरुङले बताउनुभयो। आयोजकले करिब ३०० जनासम्म सहभागी गराउने लक्ष्य राखेको छ।

सहारा क्लब पोखराले लामो समयदेखि सामाजिक सेवाका विभिन्न गतिविधिसँगै सहारा फुटबल एकेडेमी तथा आहा रारा गोल्डकप सञ्चालन गर्दै आएको छ। क्लबको सामाजिक योगदानलाई थप प्रोत्साहन गर्ने उद्देश्यले महानगरपालिका-९ को सहकार्यमा हाइकिङ आयोजना गर्न लागिएको वडाध्यक्ष दीपेन्द्र मर्सानीले बताउनुभयो। "मानव जीवनमा स्वास्थ्य अत्यन्त महत्वपूर्ण विषय हो। कम्तीमा एक दिन भए पनि शारीरिक व्यायाम गरौं भन्ने सन्देश दिनुका साथै सामाजिक सेवामा योगदान गर्ने उद्देश्यले हाइकिङ आयोजना गर्न लागिएको हो," उहाँले भन्नुभयो। हाइकिङले पोखराका पर्यटकीय तथा प्राकृतिक क्षेत्रको प्रवर्द्धनसँगै स्वस्थ जीवनशैलीप्रति जनचेतना अभिवृद्धि गर्ने र सामाजिक सेवामा नागरिकको सहभागिता बढाउने अपेक्षा गरिएको छ। "आशा, करुणा र उज्ज्वल भविष्यका लागि सँगै हिँडौं भन्ने भावनासहित आयोजना हुन लागेको यस अभियानमा सबै क्षेत्रका नागरिकलाई सहभागी हुन आयोजकले आह्वान गरेको छ।



पोखराको प्रस्तावित बसपार्कः कास्कीस्थित पोखराको प्रस्तावित बसपार्कमा महानगरपालिकाले व्यापारिक लगायतका केही संरचना हटाएपछिको दृश्य। वि.सं २०३२ मा बसपार्कका लागि २०५ रोपनी जग्गा अधिग्रहण गरिएकामा अतिक्रमणका कारण बसपार्क बन्न सकेको छैन। पछिल्लो पटक अतिक्रमति संरचना हटाउने अभियान सुरु भएकामा अब त्यस क्षेत्रमा रहेका सुकुम्बासी परिवारको व्यवस्थापनको तयारी गरिएको छ।
तस्बिर : कृष्ण दवाडी / रासस

# गाईभैंसी खरिदमा अनुदान दिएपछि रुपाका किसान व्यावसायिक पशुपालनमा

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

कास्कीको रुपा गाउँपालिकाले गाईभैंसी किन्न किसानलाई अनुदान दिएपछि पालिकामा व्यावसायिक पशुपालन गर्नेको सङ्ख्या बढेको छ। गण्डकी प्रदेश सरकारको सहयोगमा गाउँपालिकाले गरिबी निवारणका लागि दूध उत्पादन परियोजना सुरु गरेर सोमार्फत किसानलाई गत आर्थिक वर्षमा गाई खरिद गर्न नगद अनुदान दिएको हो।

यसबाट पालिकामा दूध उत्पादन वद्धि भएको छ भने किसानको आम्दानीसमेत बढेको छ। पालिकामा पशुपालनको लहर चल्दा स्थानीय सरकारको साथले किसान उत्साहित बनेका छन्। रुपा-७ ठूलीबैंसीका किसान शङ्करलाल श्रेष्ठको गोठमा अहिले तीन वटा जर्सी गाई छन्। गाउँपालिकाले प्रतिगाई रु ४० हजार अनुदान उपलब्ध गराएपछि उहाँले गाई किनेर व्यावसायिक पशुपालन सुरु गर्नुभएको हो। श्रेष्ठले दैनिक २० लिटर दूध बजारमा बिक्री गर्नुहुन्छ। श्रेष्ठका अनुसार विगतमा उहाँका बुबाले पनि पशुपालन गर्नुहुन्थ्यो। त्यसबेला दूध बिक्री गर्न चार घण्टासम्म पैदल हिँडेर बेगनासताल पुग्नुपर्ने बाध्यता थियो। बजार अभावले उहाँले बुबाको पेसा छाड्नुभयो। अहिले भने दूध सङ्कलनका लागि गाडी गाउँसम्म आउने भएकाले बजार र सङ्कलनको समस्या हटेको श्रेष्ठले बताउनुभयो। "गाउँपालिकाले अनुदानपछि मसँगै यहाँका २० जना किसानले जर्सी गाई किनेर व्यावसायिक पशुपालन सुरु गरेका छौं। दूध बिक्री गर्न पनि सहज छ। पालिकाको सहयोग पाएपछि व्यावसायिक पशुपालनमा लाग्न उत्साह बढेको छ", श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार दूध सङ्कलन र बिक्री गर्न किसानले देउराली कृषक समूह गठन गरेका छन्। पहिले ११ सदस्य रहेको समूह अहिले २० सदस्यीय बनेको छ। किसानका गोठमा गाईको सङ्ख्या बढ्दै गएको उल्लेख गर्दै श्रेष्ठले समूहलाई सहकारीमा रूपान्तरण गरी डेरी व्यवसायलाई थप व्यवस्थित र विस्तार गर्ने योजना रहेको जानकारी दिनुभयो।

गण्डकी प्रदेश सरकारको मुख्यमन्त्री नवप्रवर्द्धन साझेदारी कार्यक्रमअन्तर्गत गाउँपालिकाले सञ्चालन गरेको गरिबी निवारणका लागि दूध उत्पादन परियोजनाले रुपाको ठूलीबैंसीमा मात्र होइन अन्य वडामासमेत व्यावसायिक पशुपालनले गति लिएको छ। गाउँपालिकाका पशु चिकित्सक सुशील अर्यालका अनुसार यस कार्यक्रममार्फत हालसम्म गाउँपालिकामा २०० वटा गाई भित्रिएका छन्। पालिकाका विभिन्न ११ गाउँका किसानले गाईभैंसी खरिद र दुग्धजन्य उपकरण सहायताका लागि रु दुई करोड ३५ लाख अनुदान प्राप्त गरेका उहाँले जानकारी दिनुभयो। परियोजना सुरु भएपछि दैनिक दुई हजार ६६२ लिटर दूध उत्पादन थपिएको छ। अर्यालका अनुसार पालिकाले कृषकलाई गाई किन्नका लागि रु ४० हजार र भैंसीका लागि रु ५० हजारका दरले अनुदान उपलब्ध गराएको हो। "किसानलाई गाईभैंसी खरिदमा अनुदान उपलब्ध गराएपछि यसको सकारात्मक प्रभाव देखिएको छ, उत्पादन बढेको छ। नगद अनुदानसँगै उपकरण सहयोगले दूध सङ्कलनमा सहयोग पुग्नुका साथै किसानको आम्दानीमा वृद्धि भएको छ। युवाका लागि स्थानीयस्तरमा रोजगारीका अवसर पनि सिर्जना भएका छन्। प्रत्यक्ष रूपमा ३०० किसान यस कार्यक्रममा आबद्ध छन्", अर्यालले भन्नुभयो। उहाँका अनुसार हाल रुपा गाउँपालिकाबाट दैनिक करिब पाँच हजार लिटर दूध पोखराका बजारमा बिक्रीका लागि पठाउने गरिएको छ।

गाउँपालिकाका अध्यक्ष नवराज ओझाले किसानको श्रमलाई सम्मान गर्दै उत्पादनमुखी अर्थतन्त्र निर्माण गर्ने लक्ष्यसहित कृषि क्षेत्रमा लगानी बढाइएको बताउनुभयो। उहाँले विगतका वर्षमा पूर्वाधारमा पालिकाले लगानी गरेकामा यस वर्षदेखि उत्पादन र आयआर्जन वृद्धिका कार्यक्रमलाई बढी प्राथमिकता दिइएको बताउनुभयो। "किसानको मेहनतले मात्रै गाउँ समृद्ध हुन्छ भन्ने हाम्रो विश्वास हो। त्यसैले प्रत्येक घरपरिवारलाई आयआर्जनसँग जोड्ने उद्देश्यले कृषि र पशुपालनमा केन्द्रित कार्यक्रम सञ्चालन गरेका छौं। विगतमा पूर्वाधारमा केन्द्रित बजेटलाई यस वर्ष उत्पादन, कृषि र रोजगारी सिर्जनामा प्राथमिकता दिएका छौं", अध्यक्ष ओझाले भन्नुभयो। उहाँले गरिबी निवारणका लागि सञ्चालन गरिएको दूध उत्पादन परियोजना गाउँपालिकाका ११ स्थानमा विस्तार गरिएको जानकारी दिँदै यसको प्रत्यक्ष प्रभाव किसानको आय र जीवनस्तरमा देखिन थालेको उल्लेख गर्नुभयो।

गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत अनन्तराज न्यौपानेले अब उत्पादन बढाउने मात्र नभई त्यसको दिगो बजारीकरणमा गाउँपालिका केन्द्रित हुने बताउनुभयो। "डेरीका आवश्यक पूर्वाधार गाउँसम्म पुगेका छन्। अब किसानले उत्पादन बढाउने र गाउँपालिकाले बजारीकरण तथा व्यवस्थापनमा आवश्यक सहजीकरण गर्नेछ। उत्पादन खेर जान नदिने हाम्रो प्रतिबद्धता छ", उहाँले भन्नुभयो।

रुपा गाउँपालिकाले दूध उत्पादन परियोजनाअन्तर्गत गाईभैंसी खरिदमा नगद अनुदानका साथै दुग्ध सहकारी र कृषक समूहलाई आवश्यक डेरी उपकरणसमेत उपलब्ध गराउँदै आएको छ। कार्यक्रममार्फत दूध बोक्ने भाँडा, दूध चिस्याउने ट्याङ्की, दूधको गुणस्तर वा चिल्लोपन मापन गर्ने यन्त्र, भोल्टेज नियन्त्रक (विद्युत् प्रवाह स्थिर राख्ने उपकरण), दूध जमाउने फ्रिज, पनिर बनाउने उपकरण, दूधबाट तर छुट्याउने उपकरण (मलाई काढ्ने यन्त्र, जेनेरेटरलगायत सामग्री वितरण गरिएको गाउँपालिकाले जनाएको छ।

# पोखरा रंगशालामा फोनिज कास्कीद्वारा वृक्षरोपण

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) कास्कीले २७औँ फोनिज स्थापना दिवस तथा ३२ औँ विश्व आदिवासी दिवसको अवसरमा पोखरा रङ्गशाला परिसरमा वृक्षरोपण गरेको छ।

पोखरा रङ्गशालामा सञ्चालन भइरहेको हरियाली तथा वृक्षरोपण अभियानमा ऐक्यबद्धता जनाउँदै फोनिज कास्कीले शनिबार वृक्षरोपण कार्यक्रम आयोजना गरेको हो। कार्यक्रमका प्रमुख अतिथि जिल्ला खेलकुद विकास समिति कास्कीका अध्यक्ष मिलन गुरुङले वृक्षरोपणले वातावरण संरक्षणसँगै पोखरा रङ्गशालाको सौन्दर्य अभिवृद्धिमा सहयोग पुग्ने बताउनुभयो। उहाँले फोनिज स्थापना दिवस तथा विश्व आदिवासी दिवसको शुभकामना व्यक्त गर्नुहुदै खेलकुद पूर्वाधारको बिकाससँगै वातावरण संरक्षणलाई पनि प्राथमिकतामा राख्नुपर्नेमा जोड दिनुभयो। उहाँले सुन्दर र सफा पोखराका लागि रङ्गशाला परिसरमा हरियाली प्रवर्द्धनमा विभिन्न निकाय, खेलकुद संस्था, सामाजिक संघसंस्थाको सहभागितामा वृक्षरोपण



अभियान सञ्चालन भइरहेको बताउनुभयो। अध्यक्ष गुरुङले रङ्गशाला परिसरभित्र हालसम्म दुई हजार बढी बोटबिरुवा रोपिसकेकोमा यो आ.व. सुरु भए यता मात्रै तिन सय बढी बोटबिरुवा रोपिएको जानकारी दिनुभयो। कार्यक्रममा बोल्दै नेपाल आदिवासी जनजाति पत्रकार महासंघ (फोनिज) गण्डकी प्रदेशका अध्यक्ष खिमा गुरुङले आदिवासी जनजाति समुदायको प्रकृति र वातावरणसँगको परम्परागत सम्बन्धलाई संरक्षण गर्दै वातावरणमैत्री गतिविधिलाई प्राथमिकता दिनुपर्ने बताउनुभयो।

फोनिज स्थापनाले समावेशी र जिम्मेवार पत्रकारिताप्रतिको प्रतिबद्धतालाई स्मरण गराउने अवसर रहेको बताउदै उहाँले विश्व आदिवासी दिवस जनजातिको पहिचान, भाषा, संस्कृति, परम्परा, अधिकार र प्रकृतिकृ सम्बन्धलाई सम्मान गर्ने महत्वपुर्ण दिन रहेको उल्लेख गर्नुभयो। फोनिज कास्कीका अध्यक्ष बिना कुमारी थापाले पत्रकारिता क्षेत्रसँगै सामाजिक तथा वातावरणीय क्षेत्रमा आफ्नो भूमिका विस्तार गर्ने उद्देश्यले आगामी दिनमा पनि यस्ता कार्यक्रमलाई निरन्तरता दिने बताउनुभयो। कार्यक्रममा लिच्ची, आँप, जामुन, एभोकाडो, बेलौती, कपुर लगायत प्रजातिका बोटबिरुवा रोपिएको उहाँले बताउनुभयो। बुल्स मेनका अध्यक्ष नुना गुरुङसहित फोनिज कास्कीका कोषाध्यक्ष बस बहादुर शेर्पा (बसन्त), कार्यसमिति सदस्य हुम गुरुङ र बर्षा गुरुङको उपस्थिति रहेको सो कार्यक्रमको संचालन सचिव देबिका तामाङले गर्नुभएको थियो।

## पोखरामा ...

टोलीले पोखराको पृथ्वीचोक, सभागृहचोक, सिर्जनाचोक र लेकसाइड क्षेत्रमा मादक पदार्थ सेवन गरी होहल्ला गर्ने, गाँजा तथा लागुऔषध सेवन गरी अवाञ्छित गतिविधि गर्ने र सर्वसाधारण तथा पर्यटकलाई हैरानी दिएको आरोपमा उनीहरूलाई पक्राउ गरेको हो। मदिरा र गाँजाजन्य पदार्थ सेवन गरेकालाई सम्झाइबुझाइ अभिभावकलाई जिम्मा लगाउने गरिएको कार्यालयका प्रहरी नायब उपरीक्षक वीरेन्द्रकुमार पासवानले बताउनुभयो। आपराधिक पृष्ठभूमि भएका, पटके रूपमा यस्ता क्रियाकलापमा संलग्न र जाँचका क्रममा प्रहरीलाई उल्टै दुर्व्यवहार गर्ने व्यक्तिलाई अदालतमा मुद्दा दर्ता गरी कानुनी कारबाही गर्ने गरिएको उहाँको भनाइ छ। आपराधिक गतिविधि नियन्त्रण र शान्ति सुरक्षा कायम गर्न 'स्वीप अप्रेसन' सञ्चालन गरिएको प्रहरीले जनाएको छ।




# नयाँपुल-घान्द्रुक सडक अवरुद्ध, सिक्लेस तीन दिनपछि खुल्यो

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन

केही दिनयताको अविरल वर्षाका कारण कास्कीका दुई प्रमुख पर्यटकीय गन्तव्य पुग्ने सडक अवरुद्ध हुँदा स्थानीयवासी र पर्यटक समस्यामा परेका छन्।

पहिराले नयाँपुल-घान्द्रुक सडकखण्ड अवरुद्ध बनेको छ। यस सडकखण्डअन्तर्गत अन्नपूर्ण-१० मा यही साउन २१ गते राति सिवौँ खोलाले सडक बगाउँदा घान्द्रुकसँगको सिधा यातायात सञ्जाल टुटेको अन्नपूर्ण गाउँपालिकाका प्रवक्ता भरतमान गुरुङले जानकारी दिनुभयो।

"खोलाले सडकको बेस सबै बगाएको छ। अप्ठ्यारो भूगोलका कारणले तत्काल बाटो खुलाउन सकिने अवस्था छैन। जिल्ला प्रशासनसँग छलफलमै छौं, कसरी सडक सञ्चालन गर्ने भनेर प्राविधिक अध्ययन भइरहेको छ," गुरुङले भन्नुभयो। बाटो अवरुद्ध भएपछि घान्द्रुक आउजाउ गर्ने स्थानीयवासी र पर्यटकलाई समस्या परेको छ। सडक अवरुद्ध भएको स्थानसम्म पोखराबाट जाने र त्यहाँ झरेपछि झोलुङ्गे पुलबाट नदी पार गरेर अर्को गाडीमा घान्द्रुक जाने अस्थायी प्रबन्ध गरिएको प्रवक्ता गुरुङले बताउनुभयो। घान्द्रुक अन्नपूर्ण आधार शिविरको प्रवेशद्वार समेत हो।

यसैगरी, कास्कीको अर्को पर्यटकीय गन्तव्य मादी गाउँपालिका-१ सिक्लेस जाने सडक भने तीन दिनपछि सञ्चालनमा आएको छ। यही साउन २० गते राति काहुँखोला-सिक्लेस सडकखण्डमा पर्ने खिलाङ र चिप्लीको बीचमा ठूलो पहिरो जाँदा सडक अवरुद्ध भएकामा आज साँझदेखि बाटो सञ्चालन भएको मादी-१ का वडाध्यक्ष एवं गाउँपालिका प्रवक्ता देवीजङ्ग गुरुङले जानकारी दिनुभयो।

"जिल्ला प्रशासन कार्यालय र सडक डिभिजन कार्यालय पोखरासँगको समन्वयमा दुई दिनको प्रयासपछि सडक खुलेको छ," वडाध्यक्ष गुरुङले भन्नुभयो। सडक डिभिजन कार्यालयले पोखराको काहुँखोलादेखी सिक्लेससम्म अहिले सडक स्तरोन्नतिको काम समेत गर्दै आएको छ। सडक पहिराले अवरुद्ध भएपछि स्थानीयवासी र पर्यटक समस्यामा परेका थिए।

सिक्लेस ग्रामीण पर्यटनका लागि राष्ट्रिय तथा अन्तरराष्ट्रिय रूपमा प्रख्यात छ। बर्खायामका कारणले सिक्लेसमा हाल पर्यटक आगमन कम रहे पनि सार्वजनिक बिदामा भने आन्तरिक पर्यटक उल्लेख्य पुग्ने गरेका छन्।

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध सम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

नैतिक कामका लागि पनि अनैतिक काम नगर्नुस् ।
– थमस हाडी

## सम्पादकीय

# मधेस केन्द्रीत दलहरुको अग्रगामी मोर्चा

नेपालका राजनीतिक दलहरुबीच स्थायी मोर्चा नभएपनि बेला बेला मोर्चा बन्ने गर्दछन । आन्दोलनका बेला मोर्चा बनेपनि निर्वाचनमा मोर्चा कमै बनेका छन । मोर्चामा समान विचारधारा भएका र साझा उद्देश्यका लागि बन्ने मोर्चा टिकाउ हुन्छन । मधेस केन्द्रीत दलहरुबीच बनेको मोर्चा क्रियाशील नहुदै फेरि अर्को मोर्चा बनेको छ । बामपंथी दलहरूबीच बनेको समाजवादी मोर्चा बीचमै टुट्यो।मोर्चा सफल भएका छैनन् । फेरि मोर्चा बनेका छन । बिभिन्न आठ राजनीतिक दलहरुले संयुक्त रुपमा अग्रगामी मोर्चा घोषणा गरेका छन् । मधेस केन्द्रीत दलहरूको अगुवाइमा अग्रगामी मोर्चा बनेको छ । शनिबार काठमाडौंमा आयोजित एक कार्यक्रमकाबीच जनता समाजवादी पार्टी (जसपा) नेपाल, जनमत पार्टी, आम जनता पार्टी, नागरिक उन्मुक्ति पार्टी, प्रगतिशील लोकतान्त्रिक पार्टी, नेपाल संघीय समाजवादी पार्टी, बहुजन एकता पार्टी नेपाल, र खम्बुवान राष्ट्रिय मोर्चाले संयुक्त रूपमा अग्रगामी मोर्चा घोषणा गरेका छन ।

मोर्चाले संविधान संशोधन, संघीयता सुदृढीकरण, सामाजिक न्याय, र समावेशी लोकतन्त्रलाई मुख्य एजेन्डा बनाएका छन् । सार्वभौमसत्ता, राष्ट्रिय स्वाधीनता, र भौगोलिक अखण्डताको संरक्षणप्रति प्रतिबद्ध लोकतान्त्रिक र प्रगतिशील शक्तिहरूलाई एकताबद्ध गर्दै स्वतन्त्रता, समानता, लोकतान्त्रिक गणतन्त्र, र संघीयतामा आधारित न्यायपूर्ण समाज निर्माण गर्ने उद्देश्य रहेको छ । मोर्चाले पछाडि परेका वर्ग र समुदायको उत्थानलाई प्राथमिकतामा राख्दै सबै प्रकारका असमानता र विभेद अन्त्य गर्ने उद्देश्य रहेको छ। सीमान्तकृत समुदायको राज्यका सबै तहमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न निरन्तर संघर्ष गर्ने भन्दै मोर्चाले पारदर्शी, जबाफदेही, र भ्रष्टाचारमुक्त शासन प्रणालीका साथै गुणस्तरीय शिक्षा, स्वास्थ्य, र सम्मानजनक रोजगारीलाई राष्ट्रिय प्राथमिकतामा राखिने उल्लेख गरेका छन ।

बालेन नेतृत्वको सरकारले संविधान प्रदत्त अधिकार खोस्न संविधान संशोधन गर्न खोजेपछि संघीय लोकतान्त्रिक गणतन्त्र पक्षधर दलहरु उपलब्धिको रक्षाका लागि मोर्चा बनाउन थालेका छन । बामपंथी, समाजवादी र लोकतन्त्रवादौ संविधान प्रदत्त अधिकार रक्षाका लागि संयुक्त मोर्चा बनाउनुपर्ने बहस पनि हुन थालेको छ । वर्तमान संविधानमा रहेका संरचनात्मक त्रुटि र अस्पष्टताका कारण संघीयता कार्यान्वयनमा देखिएका चुनौतीहरूलाई सम्बोधन गर्न संविधान संशोधन र परिमार्जन वा पुनर्लेखन गर्नुपर्ने मधेस केन्द्रीत दलहरूको माग हो । मोर्चा घोषणा कार्यक्रममा जसपा नेपालका अध्यक्ष उपेन्द्र यादवले संविधान र कानुनको दायराभित्र रहेर राज्य सञ्चालन गर्ने तथा विभेद र असमानता अन्त्य गर्ने प्रतिबद्धता जनाएका छन । मुलुकलाई आर्थिक विकास, भ्रष्टाचार नियन्त्रण र समृद्धिको दिशामा अघि बढाउन साझा प्रयास स्वरूप मोर्चा गठन गरिएको यादवको भनाइमा अन्य दलको पनि समर्थन देखिन्छ ।

जनमत पार्टीका अध्यक्ष सीके राउतले विगतमा पार्टी, सरकार वा मोर्चा सञ्चालनका क्रममा भएका कमी-कमजोरीहरूको समीक्षा गर्दै सुधार गरेर अघि बढ्ने प्रतिबद्धता छ । मोर्चा सत्ता पाउन वा कसैलाई कुर्सीबाट ढाल्नका लागि नभई जनता र व्यवस्थाको पक्षमा संघर्ष गर्न बनेको मोर्चाका नेताहरुको दावी छ । संविधानवाद, संघीय लोकतान्त्रिक गणतन्त्र र लोकतान्त्रिक मूल्य-मान्यताको पूर्ण पालना गर्न आग्रह नेताहरूको छ । मोर्चाको नेतृत्व अथवा संयोजक सहमतिको आधारमा चयन गरिने वा आवश्यक परे पालैपालो नेतृत्व प्रणाली अपनाउन सकिने सहमतिपत्रमा उल्लेख छ । निश्चित अवधिका लागि हुने र सर्वसम्मतिबाट निर्णय गरिने बताइएको छ । सर्वसम्मति नभएमा लोकतान्त्रिक विधि र प्रक्रिया अनुसार हुने बताइएको छ । नेताहरूबीचको सम्बन्ध र दलहरुभित्रको लोकतान्त्रीकरण कसरी भएकोछ त्यसैले धेरै कुरा उद्घाटित हुनेछ ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मानसिक तनाब | तुला | : आर्थिक समस्या |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शत्रुको भय |
| मिथुन | : ब्यापारमा लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : झमेला बड्ने | मकर | : अप्रत्यसित लाभ |
| सिंह | : शुभ यात्रा | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : स्वास्थ्यमा सुधार | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पोखरेबगरमा प्रतीक्षालय निर्माण

**पोखरापत्र संवाददाता**
म्याग्दी, २३ साउन

अन्नपूर्ण गाउँपालिका-६ पोखरेबगरमा स्थानीय तह र समुदायको साझेदारीमा प्रतीक्षालय निर्माण भएको छ।

अन्नपूर्ण गाउँपालिकाको रु तीन लाख र शिख्तानी समाजले प्रदान गरेको रु तीन लाख ८५ हजार ५५० मा प्रतीक्षालय बनाइएको हो । प्रतीक्षालयमा खानेपानीको व्यवस्थाका साथै शौचालय पनि निर्माण गरिएको अन्नपूर्ण गाउँपालिका-६ का वडाध्यक्ष रामबहादुर खड्काले राससलाई बताउनुभयो । कालीगण्डकी घाटमा दाहसंस्कार गर्न आउने शिख र घारका मलामी तथा बेनी-जोमसोम सडकका यात्री प्रतीक्षालयबाट प्रत्यक्ष रूपमा लाभान्वित हुने छन् ।

# 'कांग्रेसले जिम्मेवार र परिपक्व भूमिका निर्वाह गर्छ'

**रासस**
काठमाडौं, २३ साउन

नेपाली कांग्रेसका नेता तथा पूर्वउपप्रधानमन्त्री विमलेन्द्र निधिले वर्तमान राजनीतिक परि स्थितिमा कांग्रेसले जिम्मेवार र परिपक्व भूमिका निर्वाह गर्नुपर्ने बताउनुभएको छ।

कांग्रेस धनुषाद्वारा आज जनकपुरधाममा आयोजित अन्तरक्रियामा उहाँले लोकतान्त्रिक मूल्यमान्यता र संविधान रक्षा तथा जनताको अधिकारको पक्षमा पार्टीका नेतृत्व जिम्मेवार र परिपक्व भूमिकामा उभिनुपर्ने बताउनुभयो।

पार्टीलाई थप सुदृढ र एकताबद्ध बनाउँदै अघि बढ्नुपर्नेमा जोड दिँदै नेता निधिले पार्टीका नेता कार्यकर्ताबीचको एकता र सङ्गठनको सक्रियतामा निर्भर रहने भएकाले सबै मिलेर सङ्गठनलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो।

पार्टीभित्रको एकता, सङ्गठन सुदृढीकरण र जनतासँगको सम्बन्धलाई केन्द्रविन्दुमा राखेर अघि बढ्नुपर्ने बताउँदै उहाँले जनताको समस्या र अपेक्षालाई नजिकबाट बुझेर त्यसअनुरूप राजनीतिक गतिविधि अघि बढाउनुपर्ने सुझाब दिनुभयो।

कार्यक्रममा नेपाली कांग्रेस धनुषाका नेता तथा कार्यकर्ताहरूले पार्टीभित्रको किचलो चाँडो समाधान गरेर एकढिक्का भएर अघि बढ्नुपर्नेमा जोड दिएका थिए।

# राष्ट्रियताका लागि संविधानका पक्षधर शक्तिहरू एक ठाउँमा हुनुपर्छ : महासचिव पोखरेल

**रासस**
काठमाडौं, २३ साउन

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का महासचिव शङ्कर पोखरेलले राष्ट्रियता र विकासका सवालमा लोकतन्त्रवादी र संविधानका पक्षधर शक्तिहरू मिल्नुपर्ने बताउनुभएको छ।

काठमाडौं क्षेत्र नं. ६ स्थित नेकपा (एमाले) तारकेश्वर नगर कमिटीद्वारा आज आयोजित कार्यक्रममा जनताको विश्वास जित्न जनप्रिय हुन कार्यकर्तालाई निर्देशन दिनुभयो । पार्टीले जनतासँगको सम्बन्ध सुधारका लागि जागरण अभियान सञ्चालन गरेकाले जनसङ्गठनलाई परिचालित गरिएको जनाउनुभयो।

"हामीले जनताको बहुदलीय जनवादको आधारमा आफ्ना नीतिप्रति जनतालाई विश्वास जिताउने र जनताको चाहनाको सापेक्षतामा प्रस्तुत हुनुपर्छ ।", महासचिव पोखरेलले भन्नुभयो, "परम्परागत कम्युनिष्ट आन्दोलनको विचारधाराबाट चलेर अब हुँदैन। मार्क्सवादलाई सृजनात्मक प्रयोग गर्दै प्रतिस्पर्धाबाट श्रेष्ठता हासिल गर्न नयाँ पुस्तालाई जोडेर जान सक्नुपर्छ।" आफूहरूले विगतमा सरकार सञ्चालन गर्दा आर्थिक र सामाजिक विकासलाई महत्त्व दिए पनि युवालाई देशभित्र रोजगारी दिन नसक्दा असन्तोष बढेको आत्मसाथ गर्नुपर्ने उहाँको भनाइ छ।

# कांग्रेसको १५औँ महाधिवेशन तोकिएकै समयमा हुन्छ : महामन्त्री पौडेल

**रासस**
काठमाडौं, २३ साउन

नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले पार्टीको १५औं महाधिवेशन तोकिएकै समयमा हुने बताउनुभएको छ।

क ा ं ग ्र े स काठमाडौं महानगरपालिका २६ वडा कार्यसमितिले आज यहाँ आयोजना गरेको सम्मान तथा शुभकामनामा उहाँले पार्टीले असोजको १६ देखि १९ गतेसम्म काठमाडौंमा १५औंमहाधिवेशनआयोजनागरेकाले तोकिएकै समयमा महाधिवेशन हुने बताउनुभयो । "कांग्रेसले पार्टीको केन्द्रीय कार्यसमितिको बैठक बोलाएको छ, उक्त बैठकले तोकिएकै समयमा महाधिवेशन सम्पन्न गर्नेबारे निर्णय गर्छ", उहाँले भन्नुभयो । उहाँले पछिल्लो समय कांग्रेसलाई कमजोर बनाउने र अल्मल्याउने काम भइरहेको भन्दै यसप्रति सबै नेता तथा कार्यकर्ता सचेत हुनुपर्ने बताउनुभयो । महामन्त्री पौडेलले कांग्रेस डिजिटल माध्यममार्फत सबैभन्दा धेरै क्रियाशील सदस्य भएको पार्टी बनेको भन्दै अब क्रियाशील सदस्यबाटै स्थानीय तहको उम्मेवार छान्ने व्यवस्था गरिने उल्लेख गर्नुभयो । कांग्रेस काठमाडौंका सभापति सबुज कृष्ण बानियाँले कांग्रेस कमजोर भएमा लोकतन्त्र कमजोर हुने भन्दै बलियो बनाउनका लागि एकताबद्ध भएर अगाडि बढ्नुपर्ने बताउनुभयो । कांग्रेस बागमती प्रदेशकी सहमहामन्त्री जीवन डङ्गोल, कांग्रेस क्षेत्र नं ६ का क्षेत्रीय सभापति श्यामकृष्ण खड्गी, बागमती प्रदेशकी सांसद एवं पूर्वप्रदेशमन्त्री हरिप्रभा खड्गी, क्षेत्र नं ६ प्रदेश 'क' का सभापति ख्यामराज तिवारी, काठमाडौं महानगरपालिका-२६ का सभापति अर्जुन सिंखडा, उपसभापति गणेश रिजाललगायतले कांग्रेसलाई एकताबद्ध बनाएर अगाडि बढाउन सबै लाग्नुपर्ने बताउनुभएको थियो।

# विन्ध्येश्वरी माध्यमिक विद्यालयको अध्यक्षमा अधिकारी चयन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन




पोखरा १९ तल्लाकोटस्थित विन्ध्येश्वरी माध्यमिक विद्यालयको अध्यक्षमा आनन्दराज अधिकारी चयन भएका छन् ।

विद्यालयमा शुक्रबार सम्पन्न अभिभावक भेलाले अधिकारीको अध्यक्षतामा ७ सदस्यीय विद्यालय व्यवस्थापन समिति गठन गरेको हो। समितिको सदस्यमा हेम बहादुर तामाङ, तारा बास्तोला, गिता अधिकारी बास्तोला, शिक्षक प्रतिनिधी अर्जुन अधिकारी, वडा अध्यक्ष पुष्पेन्द्र पाण्डे र सदस्य सचिवमा विद्यालयका प्रधानाध्यापक श्रीराम आचार्य चयन भएका हुन् । त्यस्तै भेलाले शिक्षक अभिभावक संघ पनि गठन गरेको छ।

संघको अध्यक्षमा मान बहादुर के सी,सदस्यहरुमा राजेन्द्र बास्तोला,नारायण प्रसाद बास्तोला,तेजमाया आचार्य,बबिता ढुङ्गाना ,झरना वि.क ,सुनिता नेपाली,देवि तामाङ, शिक्षक प्रतिनिधी शिव प्रसाद पौडेल, पदेन सदस्यमा आनन्दराज अधिकारी र सदस्य सचिवमा श्रीराम आचार्य रहेका छन् ।

भेलामा बोल्दैं वडाध्यक्ष पुष्पेन्द्र पाण्डेले सरकारले जारी गरेको नयाँ नियमावली अनुसार समिति गठन भएको जानकारी दिदैं, विद्यालयको समग्र विकासमा काम गर्न सुझाव दिए। उनले ग्रामिण क्षेत्रका विद्यालयमा विद्यार्थीको आर्कषण घट्दो अवस्थामा रहेको बताउँदै समितिले विद्यार्थीको आर्कषण बढाउने खालका योजना बनाउनुपर्नेमा जोड दिए । विद्यालयका अध्यक्ष एकराज ढुङ्गानाको अध्यक्षतामा भएको कार्यक्रममा पोखरा महानगरपालिका शिक्षा महाशाखाका शिक्षा अधिकृत जीवन प्रसाद रेग्मी, वडा सदस्य विकास कुमार आचार्य, सामाजिक व्यक्तित्व कोमल प्रसाद बास्तोला, देवराज गौतम, विद्यालयका सल्लाहकार शंकर ढुङ्गाना, शि अ संघका अध्यक्ष शिब बहादुर के सीलगायतले विद्यालयको चौतर्फि विकासमा सबैसँग हातेमालो गरेर अगाडी बढ्नुपर्ने बताए । भेलामा स्वागत विद्यालयका प्रधानाध्यापक श्रीराम आचार्य र कार्यक्रम संचालन सहायक प्रधानाध्यापक मिनराज ढुङ्गानाले गरेका थिए ।

# खौलालाँकुरीको रक्तदानमा ५४ युनिट संकलन

**पोखरापत्र संवाददाता**
पोखरा, २३ साउन




खौलालाँकुरी पोखरा सम्पर्क समाजले आयोजना गरेको खुल्ला रक्तदान कार्यक्रममा ५४ युनिट रगत संकलन भएको छ। समाजले आफ्नो स्थापनाको आठौं वर्ष प्रवेशका अवसरमा शनिवार रक्तदान कार्यक्रमको आयोजना गरेको हो ।


२०७६ मा कास्की जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको समाजको यो तेस्रो रक्तदान कार्यक्रम हो । समाज पर्वत जिल्लाको कुश्मा नगरपालिका वडा नम्बर १३ खौलालाँकुरीमा जन्मेर पोखरा आई बस्नेहरुको एउटा साझा संस्था हो । रक्तदान कार्यक्रमको पोखरा महानगरपालिका- ८ का अध्यक्ष रुद्रनाथ बरालले उद्घाटन गरे । उक्त अवसरमा अध्यक्ष बरालले समाजलाई आफुले नजिकबाट नियालीरहेको बताए। 'सम्पर्क समाज सामाजिक कार्यक्रमलगायत मानवीय सेवामा पनि सक्रिय रहेको देख्दा खुशी लागेको छ', अध्यक्ष बरालले भने, 'रक्तदान जीवनदान, जीवनदान महादान अभियानलाई निरन्तरता दिनु सुखद पक्ष हो ।' उनले कोही कसैलाई कुनै पनि प्रकारको दुखसुख वा समस्या पर्दा समाज चाहिने र समाजका यस्ता सामाजिक कार्यहरुले समाजको वास्तविक अनुभूती हुने बताए । समाजका यस्ता गतिविधिहरुमा आफ्नो र वडा कार्यालयको सधै साथसहयोग रहने उनको भनाई थियो । समाजका अध्यक्ष लालप्रसाद शर्माले सम्पूर्ण रक्तदाताहरुलाई धन्यवाद दिदै आगामी दिनमा रक्तदान कार्यक्रमलाई निरन्तरता दिइने बताए। मन, बचन र कर्मले सहयोग गरेमा समाजले आयोजना गर्ने सामाजिक काम सफलतापूर्वक सम्पन्न हुने भन्दै उनले समाजले वार्षिक क्यालेन्डर जस्तै बनाएर केही निश्चित काम गर्दै आएको उल्लेख गरे ।

समाजका सदस्यहरुका कारण संस्थाले आयोजना गर्दै आएका कार्यक्रम आशातित सफल हुदै गएको भन्दै उनले आगामी दिनमा पनि यस्तै सहयोगको अपेक्षा गरे । रक्तदान कार्यक्रमका संयोजक अनिल सुवेदीले स्वागत गर्दै संस्थाको परिचय गराएका थिए । उनले आगामी दिनमा सामाजिक तथा मानवीय कार्यहरुलाई निरन्तरता दिने जनाए। समाजका संस्थापक अध्यक्ष टंकबहादुर कार्की क्षेत्रीले स्थापनाको छोटो अवधिमा समाज सामाजिक काममा अग्रसर भएकोमा खुशी व्यक्त गरे । सबैको साथसहयोगबाट नै समाज निरन्तर अघि बढिरहेको उनको भनाई थियो ।

रक्तदान गर्नेमध्ये रामप्रसाद सुवेदीले ८५ औं पटक, राजेन्द्र तिमिल्सिनाले ५३ औं पटक दिपकप्रसाद तिमिल्सिनाले ४० औं पटक सहभागी भएका थिए । कार्यक्रमको सञ्चालन समाजका सचिव गंगाकुमारी कार्कीले गरेकी थिइन् ।

समाजले स्थापना दिवसका अवसरमा यही साउन २६ गते मानव सेवा आश्रम छोरेपाटनमा आश्रित आमाहरुलाई खाना खुवाउने कार्यक्रमसमेत आयोजना गरेको छ।

# एउटै व्यक्ति भएको सूचना



कास्की जिल्ला, पोखरा महानगरपालिका वडा नं. २२ निवासी भारतीय भु.पु.सै.नं. ५८४६५१२F, 4/9 GR का हवल्दार कृष्ण प्रसाद क्षेत्रीको तपसिल बमोजिमको परिवारका सदस्यको नामथर र जन्म मिति नेपाली नागरिकता प्रमाण पत्र र पेन्सन पट्टामा फरक परेतापनि उक्त व्यक्तिहरु एउटै व्यक्ति भएको बेहोरा अनुरोध छ भनि पोखरा महानगरपालिका २२ नं. वडा कार्यालयको च.नं. १८१ मिति २०८३।०४।१५ को सिफारिस पत्रबाट लेखी आएको व्यहोरा अनुरोध छ।

**तपसिल:**

| क्र.सं. | नागरिकतामा नामथर | नाता | पट्टामा नामथर | नागरिकतामा जन्म मिति | पट्टामा जन्म मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृष्ण प्रसाद पौडेल | पेन्सनर | KRISHNA PRASAD CHHETRI | वि.सं. २०२५।०८।२५ ई.सं.१९६८-१२-१० | ई.सं.१९६८-०५-२३ | |
| २ | तिलि कुमारी पौडेल | श्रीमती | TIL KUMARI | वि.सं. २०२९।०९।२७ ई.सं.१९७३-०१-१० | ई.सं.१९७३-०४-२१ | जीवित/अपाङ्ग नभएको |
| ३ | जोनी पौडेल भण्डारी | छोरी | JONEY CHHETRI | वि.सं. २०४९।०९।२३ ई.सं.१९९३-०१-०७ | ई.सं.१९९३-०१-०७ | जीवित/अपाङ्ग नभएको |
| ४ | ज्योति पौडेल | छोरी | BONEY CHHETRI | वि.सं. २०५०।११।२१ ई.सं.१९९४-०३-०५ | ई.सं.१९९५-०३-०४ | जीवित/अपाङ्ग नभएको |
| ५ | विशाल पौडेल | छोरा | VISHAL CHHETRI | वि.सं. २०५८।०४।२१ ई.सं. २००१।०८।०५ | ई.सं. २०००-०८-०५ | जीवित/अपाङ्ग नभएको |

**जिल्ला प्रशासन कार्यालय, कास्की**

# सङ्कटमा असला माछा: संरक्षणको योजना बनाउँदै पालिका

पोखरापत्र संवाददाता
बागलुङ, २३ साउन

असला माछा उत्पादन गर्नेमा प्रसिद्ध बागलुङको जैमिनी नगरपालिकाको ठउलेखोलामा माछा लोप हुने थालेपछि स्थानीय सरकारले संरक्षणको योजना बनाएको छ। जिल्लाका स्थानीय खोलामा पाइने असला माछा लोप हुन थालेपछि स्थानीय सरकारले संरक्षणका लागि माछा मार्न प्रतिबन्ध लगाउनेलगायत योजना बनाउन थालेको हो।

बागलुङका स्थानीय खोलामा पाइने रैथाने असलामाछा हराउने चुनौती बढेपछि बागलुङमा एकपछि अर्को स्थानीय तहले माछा मार्न कडाई गर्न थालेका छन्। गलकोट नगरपालिकाले तीन वर्षयता प्रजनन समयमा माछा मार्न प्रतिबन्ध लगाउँदै आएको छ। गलकोटको दरमखोलामा पाइने असला माछा देशभरि प्रसिद्ध छ। गत वर्ष तराखोला गाउँपालिकाले माछा मार्नमा कडाइ गर्न थालेको थियो। ताराखोला गाउँपालिका र बागलुङका काठेखोला गाउँपालिकाले एक वर्ष अघिदेखि माछा मार्न कडाइ गर्दै संरक्षणको नीति लिएका हुन्।

यस वर्षदेखि जैमिनी नगरपालिकाले ठेउलेखोलासहित अन्य खोलामा तीन महिना माछा मार्न रोक लगाउँदै अनुमतिको व्यवस्था गरेको छ। ठेउलेखोला, टिमुर खोला, कालुङ्खोला, चौरीखोला, लौवालगायत स्थानीय खोलामा पाइने असला र अन्य स्थानीय जातका माछा संरक्षणसँगै स्थानीयलाई रोजगारी सृजना गर्नका लागि नगरसभाबाट नीति तथा कार्यक्रम ल्याएर कार्यान्वयन गरिएको जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले जानकारी दिनुभयो। "ठेउले खोलाको असला माछा निकै स्वादिष्ट मानिन्छ, रातिको समयमा माछामा विष हाल्ने तथा करेन्ट लगाएर मार्ने गतिविधिले उत्पादन घटेको पाइयो। नगरपालिकाले माछा मार्न इच्छुकलाई इजाजत दिएर प्रजनन अवधिबाहेकको समयमा आम्दानी बढाउन सघाउँनेछ", शर्माले भन्नुभयो, "फूल पार्ने तथा उत्पादन गर्ने समयमा माछा मार्दा यसको बासस्थान हराएर जाने र कालान्तरमा स्थानीय (रैथाने) जातको माछा फेला नपर्ने अवस्था आउन नदिन नगरपालिका सचेत छ। प्रहरीलाई पनि सक्रिय बनाएका छौँ।"

खोलामा माछा मार्नुअघि अनिवार्य रूपमा अनुमति (इजाजत) लिनुपर्ने व्यवस्था लागू गरिएको उपप्रमुख शर्माले बताउनुभयो। जलचर तथा जैविक विविधताको संरक्षण, दिगो उपयोग र माछा उत्पादन प्रवर्द्धन गर्ने उद्देश्यले नगरपालिकाले नीति लिएको उहाँको भनाइ छ।

माछालाई परम्परागत शैलीमा मात्र मार्न पाइनेगरी नगरपालिकाले नीति लिएको हो। विद्युतीय उपकरण तथा विषादी हालेर माछा मार्न थालेपछि यसको अस्तित्व सङ्कटमा पर्ने भन्दै स्थानीयले पटकपटक नगरपालिकाको ध्यानाकर्षण गराउँदै आएका थिए।

स्थानीय पदमबहादुर श्रीसले यहाँको ठेउलेखोलामा पाइने असला माछा चोरी सिकारीका कारण घट्न थालेका बताउनुभयो। उहाँले रातिमा करेन्ट लगाएर माछा मार्ने काम भइरहेको बताउँदै संरक्षणमा पालिकाले ध्यान नदिए ठेउलेखोलाका असला माछाको पहिचान सकिनेमा चिन्ता व्यक्त गर्नुभयो। "एकरातमा २५ किलो माछा मारेर लैजानेगरी टाढाटाढाबाट युवा आएका हुन्छन्।

ठेउलेखोलाको स्वादिष्ट असला माछा सधैँभरि चाख्न यहाँकै स्थानीयले मार्ने र स्थानीय बजारबाटै बिक्री गर्ने व्यवस्थामा नगरपालिका अघि बढोस्। माछा मार्न प्रतिबन्द लगाउने कार्य सह्रानीय छ", श्रीसले भन्नुभयो। करेन्ट लगाएर माछा मार्दा भ्रुणसमेत मर्ने भएकाले माछा लोप हुने अवस्थामा पुग्ने उहाँले गुनासो गर्नुभयो। जैमिनीको पहिचानको रूपमा स्थापित भइसकेको ठेउलेखोलाको असला माछा जोगाउन सके स्थानीयलाई रोजगारीसँगै रेष्टुराको परिकारमा थप स्वाद आउने छ। नगरपालिकाले प्रजनन संरक्षणका लागि भदौ, असोज र कात्तिक महिनाभर माछा मार्न पूर्ण रूपमा प्रतिबन्ध लगाउँदै आएको छ। यस अवधिमा माछा मार्ने, समात्ने वा अन्य कुनै गतिविधि गरेको पाइए कारबाही गर्ने चेतावनी नगरपालिकाले दिएको छ। गलकोट नगरपालिकाले माछा मार्न प्रतिबन्ध लगाएपछि पछिल्ला वर्षमा उत्पादनमा वृद्धि भएको गलकोट नगरपालिकाका प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो। पालिकाहरूले इजाजत नलिई जलचरको उपयोग गरेको पाइएमा प्रचलित कानुनअनुसार कारबाही गरिने चेतावनीसमेत दिएका छन्। जलचर संरक्षण तथा व्यवस्थापन अभियानमो प्रहरीलाई खबर गरेर सहयोग गर्न पनि नगरपालिकाले स्थानीयको ध्यानाकर्षण गराएको छ। माछालाई परम्परागत तरिकाले मात्रै मारेर व्यावसायिक बनाउँदै युवालाई स्वरोजगार गराउन पालिकाले संरक्षणको योजनामा ध्यान दिएको हो।

# बेनी अस्पतालमा डायलाइसिस सेवा विस्तार

पोखरापत्र संवाददाता
म्याग्दी, २३ साउन

म्याग्दीको बेनीमा रहेको प्रदेश अस्पतालमा डायलाइसिस सेवा विस्तार भएको छ।

गण्डकी प्रदेश सरकारको सहयोगमा अस्पतालले डायलाइसिस सेवा विस्तार गरेपछि म्याग्दीका मृगौलाका बिरामीहरूलाई सहज भएको छ। डायलाइसिसका लागि पोखरा, पर्वत, बागलुङ र काठमाडौँका अस्पताल जादाँ हुने झन्झट, समय र खर्चको बचत भएको धवलागिरी गाउँपालिका-४ बाँसबोटका सन्तोषकुमार पुर्जाले बताउनुभयो। "डायलाइसिस गराउन कुश्मा अस्पताल जान आउन भनेको समयमा गाडी नपाउने, समय र पैसाको खर्च हुने समस्या थियो", उहाँले भन्नुभयो, "गत हप्तादेखि बेनीमा डायलाइसिस गराउन थालेपछि कुश्मा जाँदा हुने समय र खर्चको बचत भएको तथा झन्झट हटेको छ।" विसं २०७७ साउन २५ गते पाँच वटा उपकरणबाट सुरु भएको बेनी अस्पताललाई प्रदेश सरकारले हालै थप तीन वटा डायलाइसिस उपकरण उपलब्ध गराएको थियो। चालु रहेका नौ वटा मेसिनको सहायताले दैनिक ४५ जनालाई डायलाइसिस सेवा उपलब्ध गराउन सकिने अस्पतालका प्रमुख डा हेमन्त बाँस्तोलाले बताउनुभयो।

"यसअघि ३७ जनाले डायलाइसिस सेवा लिइरहेको बेनी अस्पतालमा हाल ४० जना पुगेका छन्", उहाँले भन्नुभयो, "प्रतीक्षा सूचीमा रहेका १० जना मृगौलाका बिरामीलाई बेनीमै डायलाइसिस सेवा उपलब्ध गराउन सम्पर्क गरेका छौँ।" एक जना अमेरिकामा रहेका म्याग्दीका मृगौला रोगीले बेनीमै डायलाइसिस गराउन सम्पर्कमा आएको अस्पताल व्यवस्थापन समितिका अध्यक्ष डेकबहादुर बानियाँले बताउनुभयो।

सङ्घीय सरकारले उपलब्ध गराएको दुई वटा मध्ये एक वटा डायलाइसिस मेसिन बिग्रीएको छ। दुई वटा मेसिनलाई जगेडामा राखिएको छ। यसअघि प्रादेशिक जनस्वास्थ्य कार्यालयको भवनको भुइतलाको साँघुरो कोठामा डायलाइसिस सेवा सञ्चालन भएको थियो। अस्पतालको यसअघि भण्डारण कक्ष रहेको भवनमा डायलाइसिस कक्ष स्थानान्तरण गरिएको हो।

बेनीका योगनाथ शर्माले फराकिलो भवनमा डायलाइसिस गराउन सहज भएको बताउनुभयो। थप स्वास्थ्यकर्मीलाई डायलाइसिस सेवा सञ्चालनसम्बन्धी तालिम, निर्माणाधीन भवनलाई पूर्णता दिएर त्यहीँबाट सेवा सञ्चालन गर्न र मृगौला रोगीहरूले एक पटक बिमा गरेर जीवनभर सेवा पाउने व्यवस्था मिलाउन आवश्यक रहेको शर्माले बताउनुभयो।

# उच्च शिक्षाबारे दुईदिने नीति कार्यशाला सम्पन्न, पारदर्शी र परिणाममुखी प्रणालीमा जोड

रासस
काठमाडौं, २३ साउन

उच्च शिक्षाको गुणस्तर अभिवृद्धिका लागि नीतिगत तथा कानुनी सुधारसँगै विश्वविद्यालयमा सङ्काय भर्ना, विकास र पदोन्नति प्रणालीलाई पारदर्शी, समावेशी तथा परिणाममुखी बनाउनुपर्ने निष्कर्षसहित दुईदिने नीति कार्यशाला आज सम्पन्न भएको छ।

शिक्षा तथा खेलकुद मन्त्रालयको आयोजनामा सिंहदरबारस्थित मन्त्रालयमा भएको 'विश्वविद्यालय सङ्काय भर्ना, विकास र पदोन्नतिः मिसन पङ्क्तिबद्धता, प्रोत्साहन र प्रभाव' विषयक कार्यशालामा राष्ट्रिय योजना आयोग, विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय सेवा आयोग, विभिन्न विश्वविद्यालयका उपकुलपति, शिक्षाविद्, अनुसन्धानकर्ता, नीतिनिर्माता तथा विज्ञहरूको सहभागिता थियो। कार्यशालाले योग्य तथा दक्ष जनशक्तिलाई विश्वविद्यालयमा प्रवेश गराउनु विश्वविद्यालय सुधारको महत्त्वपूर्ण आधार भएको निष्कर्ष निकालेको छ। विश्वविद्यालयहरूले आफ्ना नीति तथा कानुनको समयानुकूल समीक्षा गर्दै प्रमाण र तथ्यमा आधारित निर्णय प्रणाली विकास गर्नुपर्नेमा सहभागी वक्ताहरूले जोड दिएका छन्। साथै, 'अनुसन्धान, शिक्षण, नवप्रवर्तन, अन्तर' विषयक सहकार्य तथा सामाजिक उत्तरदायित्वलाई समान रूपमा प्रोत्साहन गर्ने नीति आवश्यक रहेको औँल्याइएको छ। विश्वविद्यालयको ज्ञान उत्पादन, अनुसन्धान तथा सामुदायिक योगदानलाई प्रभावकारी बनाउन विद्यमान भर्ना तथा पदोन्नति प्रणालीको पुनरावलोकन गर्नुपर्नेमा पनि जोड दिइएको छ। कार्यशालाको पहिलो सत्रको समापन गर्दै शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलले विश्वविद्यालयहरूबीच असल अभ्यासको आदानप्रदान आवश्यक रहेको बताउनुभयो। उहाँले शिक्षक तथा कर्मचारी नियुक्ति प्रक्रिया पारदर्शी, निष्पक्ष र समान मापदण्डमा आधारित हुनुपर्नेमा जोड दिँदै विद्यार्थीमैत्री शैक्षिक वातावरण निर्माण र विश्वविद्यालयको सञ्चालन तथा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउनुपर्ने उल्लेख गर्नुभयो।

कार्यशालाको दोस्रो सत्रका समापन गर्दै शिक्षामन्त्रीका प्रमुख सल्लाहकार शैलेन्द्र झाले उच्च शिक्षा सुधारका लागि नीति कार्यशाला महत्त्वपूर्ण रहेको बताउनुभयो। उहाँले विश्वविद्यालय र मन्त्रालयबीचको दूरी कम गर्दै नीतिनिर्माण तथा शैक्षिक गुणस्तर अभिवृद्धिमा एकरूपता कायम गर्न कार्यशालाले सहयोग पुग्ने बताउनुभयो। राष्ट्रिय योजना आयोगका सदस्य रेशु अर्याल ढुङ्गानाले उच्च शिक्षा सुधारका लागि नीति कार्यशाला सान्दर्भिक रहेको बताउनुभयो। विश्वविद्यालयका पदाधिकारी तथा नीतिनिर्माता एकै ठाउँमा बसेर उच्च शिक्षाको राष्ट्रिय रणनीति तय गर्नुपर्ने र युवालाई स्वदेशमै बस्ने वातावरण निर्माण गर्न सबै पक्षले ध्यान दिनुपर्ने उहाँले बताउनुभयो। आयोगका अर्का सदस्य प्राडा सुदन झाले विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिसँगै शैक्षिक 'क्यालेन्डर'कोप्रभावकारीकार्यान्वयनमा जोड दिनुभयो। विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्राडा खड्गबहादुर केसीले नीतिनिर्माण तथा विश्वविद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धिमा कार्यशालाले महत्वपूर्ण भूमिका खेल्ने बताउनुभयो। स्थापित मापदण्डका आधारमा विश्वविद्यालयमा उत्कृष्टता कायम गर्न सबै पक्ष जिम्मेवार भएर लाग्नुपर्ने उहाँको भनाइ थियो। त्रिभुवन विश्वविद्यालय सेवा आयोगका अध्यक्ष किशोर थापाले उच्च शिक्षाको गुणस्तर र नीतिगत सुधारका लागि विश्वविद्यालयहरूले मन्त्रालयसँगको सम्बन्ध थप सुदृढ गर्नुपर्नेमा जोड दिनुभयो। शिक्षा मन्त्रालयको योजना तथा अनुगमन महाशाखा प्रमुख एवं सहसचिव श्रीप्रसाद भट्टराईले विविधतासहितको व्यवस्थापनले विश्वविद्यालयलाई विश्वप्रतिस्पर्धी बनाउन सहयोग पुग्ने बताउनुभयो। अन्तरविश्वविद्यालय सिकाइ आदानप्रदान तथा असल अभ्यासको साझेदारीबाट उच्च शिक्षा थप प्रतिस्पर्धी र अनुसन्धान केन्द्रित बन्ने उहाँले उल्लेख गर्नुभयो। कार्यशालामा उत्कृष्ट अभ्यासको पहिचान, संस्थागत मिसनसँग मेल खाने प्रोत्साहन प्रणालीको विकास, अन्तरविश्वविद्यालय अनुभव आदानप्रदान तथा उच्च शिक्षामा दीर्घकालीन नीति सुधारका सम्भावनाबारे छलफल भएको थियो। कार्यशालामा अमेरिकास्थित स्टोनी ब्रुक विश्वविद्यालयका प्राध्यापक श्याम शर्मा मुख्य सहजकर्ताका रूपमा सहभागी हुनुहुन्थ्यो।

अनुसन्धान विभाग प्रमुख दीपककुमार खड्का, प्राध्यापक अजय भट्टराई, सुरेन्द्र सुवेदी, डा रेश्मा तुलाधर, स्मृति कला पन्त र रोशी लामिछानेले विषयगत सहजीकरण गर्नुभएको थियो। कार्यशालामा विश्वविद्यालय अनुदान आयोग, त्रिभुवन विश्वविद्यालय, काठमाडौँ विश्वविद्यालय, पोखरा विश्वविद्यालय, पूर्वाञ्चल विश्वविद्यालय, सुदूरपश्चिम विश्वविद्यालय, मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालय तथा कृषि तथा वन विश्वविद्यालयका उपकुलपति, प्राध्यापक तथा नीति विज्ञहरूको सहभागिता थियो।



मौलिक भेषभूषमा गीत गाउँदैः मुस्ताङको वारागुङ मुक्तिक्षेत्र–१ खिङ्गामा आयोजित अध्यक्ष कपको उद्घाटनअघि मौलिक भेषभूषामा स्थानीय गीत गाउँदै खिङ्गा गाउँका स्थानीयवासी। तस्बिरः सुन्दरकुमार थकाली/रासस

# ढोरपाटनमा ३७ हजार पर्यटक, ४७ लाख आम्दानी

पोखरापत्र संवाददाता
बागलुङ, २३ साउन




ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्या पछिल्लो समय वृद्धि हुँदै गएको छ। एक वर्षमा ३७ हजार पर्यटक ढोरपाटन पुगेका छन्। तीमध्ये अधिकांश आन्तरिक पर्यटक रहेका ढोरपाटन सिकार आरक्ष कार्यालय, बागलुङले जनाएको छ।

नेपालको एक मात्रै सिकार आरक्ष क्षेत्र ढोरपाटन पुग्ने पर्यटकको सङ्ख्या एक वर्षमा १३ हजारले बढेको कार्यालयका रेञ्जर सागर सुवेदीले जानकारी दिनुभयो। ढोरपाटनमा पर्यटकीय पूर्वाधार निर्माण, प्रचारप्रसार तथा व्यवस्थित होटल तथा घरबास (होमस्टे)को विकासले पर्यटकको सङ्ख्या बर्सेनि वृद्धि भइरहेको उहाँले बताउनुभयो। रेञ्जर सुवेदीका अनुसार पर्यटकको सङ्ख्यामा वृद्धि भएसँगै पर्यटकबाट प्राप्त हुने राजस्व पनि बर्सेनि बढिरहेको छ। आर्थिक वर्ष २०८२/८३ मा ढोरपाटनमा आउने पर्यटकको सङ्ख्या ३७ हजार ५२० पुगेको जनाउँदै तीमध्ये ३७ हजार २७० नेपाली पर्यटक रहेका उहाँले जानकारी दिनुभयो। उहाँका अनुसार आव २०८१/८२ मा २३ हजार ६९२ र आव २०८०/८१ मा १५ हजार ५७३ पर्यटक ढोरपाटन पुगेका छन्।

ढोरपाटन क्षेत्रको प्रचारप्रसार, पर्यटकीय पूर्वाधार, बुकीपाटनको चर्चा र जलजलामा पदयात्रा गर्ने पर्यटकका कारण सङ्ख्या बर्सेनि बढ्दै गएको सुवेदीको भनाइ छ। उहाँका अनुसार पर्यटकको सङ्ख्यामा वृद्धि भएपछि आव २०८२/८३ मा पर्यटक प्रवेश शुल्कबाट रु ४७ लाख ६८ हजार ४०५ र आव २०८१/८२ मा रु ३१ लाख २१ हजार ५०० राजस्व सङ्कलन भएको थियो।

पर्यटक सूचना प्रणालीको विकास, पर्यटन पदमार्गको रुट कायमलगायत पूर्वाधार विस्तारका कारण ढोरपाटनको प्रचारप्रसार भएपछि आन्तरिक पर्यटकको आगमन बढेको आरक्ष कार्यालयका रेञ्जर सुवेदीले बताउनुभयो। उहाँका अनुसार आरक्षले आन्तरिक तथा नेपाली पर्यटकलाई ढोरपाटन प्रवेशका लागि रु १००, सार्क राष्ट्रका पर्यटकलाई एक हजार ५०० र विदेशी पर्यटकलाई रु तीन हजार प्रवेश शुल्क लिँदै आएको छ।

यस्तै आरक्षले ढुङ्गा गिट्टी बालुवाबाट आर्थिक वर्ष २०८२/८३ मा रु एक करोड एक लाख २७ हजार ९५३ सङ्कलन गरेको छ। गत आर्थिक वर्षको तुलनामा सङ्कलन भएको राजस्व रु ४६ लाख ४१ हजारले बढी हो। "ढोरपाटनको आकर्षण अहिले बाहिर आउन थालेको छ। यहाँ आउने पर्यटकको सङ्ख्या वृद्धि हुनुको प्रमुख कारण प्रचारप्रसार रहेको छ। पर्यटकीय पूर्वाधार थपिनु, बुकीपाटन, बुकीफुल र जलजलाको चर्चासँगै पदयात्रीको रोजाइ पर्नु र होटल तथा घरबासको व्यवस्थापनका कारण पर्यटकमा वृद्धि भएका हुन्", सुवेदीले भन्नुभयो।

ढोरपाटनमा सिकार खेल्न मात्रै विदेशी पर्यटक आउने गरेकामा पछिल्लो समय ढोरपाटन उपत्यका, निशेलढोर र ढोरबराह मन्दिर, बुकीपाटन र जलजलालगायतका क्षेत्रको अवलोकनका लागि आन्तरिक पर्यटक यहाँ आउने गरेका छन्। समुद्री सतहबाट दुई हजार ९०० मिटरको ढोरपाटन उपत्यकादेखि चार हजारभन्दा माथिको बुकीपाटनसम्म पर्यटक पुग्न थालेका छन्। पर्यटकलाई शुल्क तिरेर पालसहित बस्ने व्यवस्था पनि मिलाइएको आरक्ष कार्यालयका रेञ्जर सुवेदीले जानकारी दिनुभयो।

# जनजाति महासङ्घको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न

रासस
काठमाडौं, २३ साउन

नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल लोकतन्त्रवादी आदिवासी जनजाति महासङ्घको दोस्रो राष्ट्रिय सम्मेलन सम्पन्न भएको छ।

महासङ्घका अध्यक्ष ओमबहादुर घर्तिमगरको नेतृत्वमा आयोजित दोस्रो राष्ट्रिय सम्मेलनले २३ बुँदे 'काठमाडौँ घोषणापत्र-२०८३' जारी गरेको छ। उक्त सम्मेलनले आदिवासी जनजातिका अधिकार, पहिचान र राज्यको मूलधारमा समानुपातिक प्रतिनिधित्वका लागि महत्त्वपूर्ण माग अघि सारेको छ।

सम्मेलनले संविधानको धारा ७ (२) बमोजिम बागमती र गण्डकी प्रदेशमा झैँ अन्य प्रदेशमा पनि बहुसङ्ख्यकले बोल्ने राष्ट्रभाषालाई सरकारी कामकाजको भाषा बनाउन माग गरेको छ। पहिचानका पाँच र सामर्थ्यका चार आधारमा प्रदेशको पुनःसंरचना र पुनः नामकरण गर्न सम्मेलनले जोड दिएको छ। यस्तै, कांग्रेसको वडादेखि केन्द्रसम्म आदिवासी जनजातिको जनसङ्ख्याका आधारमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न विधान संशोधनको माग गरेको छ। पार्टीको केन्द्रदेखि वडा तहसम्म एक उपसभापति, एक महामन्त्री र अल्पसङ्ख्यकबाट एक सहमहामन्त्री पद सुरक्षित गर्न माग गरेको छ। यसैगरी, राज्यका सबै अङ्ग र तहमा महिला, आदिवासी जनजाति, दलित र मधेसीलगायतका बहिष्करणमा पारिएका समुदायलाई जनसङ्ख्याका आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व गराउन संविधान संशोधनको आवश्यकता औँल्याइएको छ। आदिवासी जनजातिको समग्र विकासका लागि छुट्टै 'आदिवासी जनजाति मन्त्रालय' र भाषा संरक्षणका लागि 'बहुभाषिक विश्वविद्यालय' स्थापना गर्न माग गरिएको छ।

सम्मेलनले प्राकृतिक स्रोत (जल, जङ्गल, जमिन)को प्रयोग गर्दा आदिवासी समुदायको 'अग्राधिकार' सुनिश्चित गर्न र ठूला विकास आयोजनाबाट विस्थापित हुनेका लागि पूर्व मञ्जुरी अनिवार्य गर्न माग गरिएको छ।

यसैगरी, लोपोन्मुख र सीमान्तकृत जातिको सूची परिमार्जन गर्न र विश्व आदिवासी दिवसलाई सरकारी स्तरबाटै भव्य रूपमा मनाउन घोषणापत्रमा उल्लेख छ। दुई दिनसम्म चलेको उक्त सम्मेलनको कांग्रेस सभापति गगनकुमार थापाले उद्घाटन गर्नुभएको थियो।